☏फोन : ०६१ ५२०३९०, ५२००६८
फ्याक्स :०६१ ५२०३३०

**प्रदेश सरकार**
**गण्डकी प्रदेश**
**सामाजिक बिकास मन्त्रालय**

# स्वास्थ्य निर्देशनालय

## रामघाट, पोखरा, नेपाल

पत्रसंख्या : २०७६।०७७
चलानी नं. :

मिति: २०७६/१२/०१

<u>प्रेस बिज्ञप्ति</u>

**पोखरा, चैत्र १**

विश्वस्वास्थ्य संगठनले कोरोनाभाइरस संक्रमणका कारण विश्वव्यापी महामारी घोषणा गरिसकेको अवस्था सर्वविदितै छ । यस रोगको नियन्त्रण र प्रतिकार्यको लागि गण्डकी प्रदेशमा विभिन्न चरणमा सरोकारवालाहरु बीच छलफल, अन्तरक्रिया र बैठकहरु गरि उच्च सतर्कता र तयारी गरिएको व्यहोरा जानकारी गराउदछौ । माननीय मुख्यमन्त्री ज्यूको संयोजकत्वमा उच्चस्तरीय निर्देशन समिति, प्रमुख सचिवको संयोजकत्वमा प्रदेशस्तरीय समन्वय समिति लगायत विविध दशवटा विषयगत समितिहरु गठन भएका छन् साथै स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशक डा विनोदविन्दु शर्माको अध्यक्षतामा विशेष कार्यदल समेत गठन भएको छ।

## उच्चस्तरीय निर्देशक समिति

| | | | |
|---|---|---|---|
| १ | माननीय मुख्यमन्त्री | संयोजक | कैफियत |
| २ | माननीय आर्थिक मामिला तथा योजना मन्त्री | सदस्य | |
| ३ | माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री | सदस्य | |
| ४ | माननीय भौतिक पूर्वाधार विकास मन्त्री | सदस्य | |
| ५ | माननीय सामाजिक विकास मन्त्री | सदस्य | |
| ६ | माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री | सदस्य | |
| ७ | माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री | सदस्य | |
| ८ | प्रमुख पोखरा महानगरपालिका | सदस्य | |
| ९ | प्रमुख जिल्ला समन्वय समिति कास्की | सदस्य | |
| १० | मा. उपाध्यक्ष प्रदेश निती तथा योजना आयोग | सदस्य | |
| ११ | प्रमुख सचिव | सदस्य | |
| १२ | मुख्य न्यायाधिवक्ता | सदस्य | |
| १३ | उपकुलपति पोखरा स्वबस्थ्य विज्ञान प्रतिष्ठान | सदस्य | |
| १४ | मुख्य मन्त्रि ज्युका राजनितिक सल्लाहकार | सदस्य | |
| १५ | प्रमुख राष्ट्रिय मानव अधिकार आयोग, पोखरा | सदस्य | |
| १६ | प्रमुख जिल्ला अधिकारी, कास्की | सदस्य | |
| १७ | चारवटै सुरक्षा निकायका प्रमुखज्यूहरु | सदस्य | |
| १८ | अध्यक्ष नागरिक समाज, पोखरा | सदस्य | |

ईमेल : **hd.gandaki@gmail.com**

☎फोन : ०६१ ५२०३९०, ५२००६८
फ्याक्स :०६१ ५२०३३०

प्रदेश सरकार
गण्डकी प्रदेश
सामाजिक बिकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

## रामघाट, पोखरा, नेपाल

पत्रसंख्या : २०७६।०७७
चलानी नं. :

| | | | |
|---|---|---|---|
| १९ | निर्देशक मणिपाल शिक्षण अस्पताल, पोखरा | सदस्य | |
| २० | निर्देशक गण्डकी मेडिकल कलेज, पोखरा | सदस्य | |
| २१ | अध्यक्ष प्रदेश उद्योग बाणिज्य संघ, पोखरा | सदस्य | |
| २२ | अध्यक्ष नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश | सदस्य | |
| २३ | प्रमुख अफिन पोखरा | सदस्य | |
| २४ | अध्यक्ष पोखरा पर्यटन परिषद, पोखरा | सदस्य | |
| २५ | अध्यक्ष गैह्रसरकारी संस्था, गण्डकी प्रदेश | सदस्य | |
| २६ | सचिव सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश | सदस्य सचिव | |

## प्रदेशस्तरीय समन्वय समिति

| | | | |
|---|---|---|---|
| १ | प्रमुख सचिव | संयोजक | कैफियत |
| २ | सचिवहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य | |
| ३ | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य | |
| ४ | सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सदस्य | |
| ५ | सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य | |
| ६ | सचिव, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | सदस्य | |
| ७ | सचिव, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य | |
| ८ | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य | |
| ९ | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय कास्की | सदस्य | |
| १० | प्रमुख राष्ट्रिय मानव अधिकार आयोग कार्यालय पोखरा | सदस्य | |
| ११ | स्वास्थ्य निर्देशक | सदस्य | |
| १२ | ४ वटा सुरक्षा निकायका प्रमुख | सदस्य | |
| १३ | अध्यक्ष नेपाल उद्योग बाणिज्य महासंघ, गण्डकी प्रदेश | सदस्य | |
| १४ | अध्यक्ष अफिन, गण्डकी प्रदेश | सदस्य | |
| १५ | अध्यक्ष, गैह्सरकारी महासंघ, गण्डकी प्रदेश | सदस्य | |

ईमेल : hd.gandaki@gmail.com

☏फोन : ०६१ ५२०३९०, ५२००६८
फ्याक्स :०६१ ५२०३३०

प्रदेश सरकार
गण्डकी प्रदेश
सामाजिक बिकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

## रामघाट, पोखरा, नेपाल

पत्रसंख्या : २०७६।०७७
चलानी नं. :

| | | | |
|---|---|---|---|
| १६ | अध्यक्ष, नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेश | सदस्य | |
| १७ | चिकित्सा सेवा महाशाखा प्रमुख सामाजिक चिकास मन्त्रालय | सदस्य | |
| १८ | जनस्वास्थ्य महाशाखा प्रमुख, | सदस्य सचिव | |

## विषयगत समितिहरु :

| सि. न | समितिको नाम | संयोजक |
|---|---|---|
| १ | अस्पताल व्यवस्थापन समिति | डा. राम बहादुर के.सी., सामाजिक विकास मन्त्रालय, पोखरा |
| २ | कर्मचारी व्यवस्थापन समिति | डा. बिनोद बिन्दु शर्मा, स्वास्थ्य निर्देशनालय, पोखरा |
| ३ | सूचना तथा संचार व्यवस्थापन समिति | श्री दीपेन्द्र श्रेष्ठ, अध्यक्ष, नेपाल पत्रकार महासंघ, कास्की शाखा |
| ४ | एम्बुलेन्स व्यवस्थापन समिति | श्री डोलराज पाण्डे, सभापती, नेपाल रेडक्रस सोसाइटी, कास्की |
| ५ | क्वारेन्टाइन व्यवस्थापन समिति | श्री शम्भु प्रसाद ज्ञावाली, सामाजिक विकास मन्त्रालय, पोखरा |
| ६ | द्रुत प्रतिकार्य (RRT)समिति | डा आर्या रायमाझी, सह-सेनानी, आर्मी अस्पताल, पोखरा |
| ७ | हेल्थ डेस्क व्यवस्थापन समिति | श्री हेमन्त शर्मा पौडेल, पोखरा महानगरपालिका |
| ८ | प्रयोगशाला तथा नमूना संकलन व्यवस्थापन समिति | डा.डुक बहादुर क्षेत्री, गण्डकी मेडिकल कलेज,पोखरा |
| ९ | बजार अनुगमन तथा नियमन समिति | श्री रमेश कुमार के.सी, प्र.जि.अ, जिल्ला प्रशासन कार्यालय, कास्की |
| १० | आपूर्ती व्यवस्थापन समिति | श्री खिम बहादुर खड्का, प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र |

☏फोन : ०६१ ५२०३९०, ५२००६८
फ्याक्स :०६१ ५२०३३०

**प्रदेश सरकार**
**गण्डकी प्रदेश**
**सामाजिक बिकास मन्त्रालय**

# स्वास्थ्य निर्देशनालय

## रामघाट, पोखरा, नेपाल

पत्रसंख्या : २०७६।०७७
चलानी नं. :

हालसम्म यस निर्देशनालयबाट हेल्थडेस्क स्थापनाका लागि समन्वय, विभिन्न अस्पतालका स्वास्थ्य प्राविधिकहरुलाई तालिम तथा अभिमुखिकरण, सरोकारवाला निकायहरु सँग समन्वय, सचेतनामूलक स्वास्थ्य शिक्षा सामाग्रीको विकास तथा सम्प्रेषण, आइसोलेसन (८० बेड) क्वारेनटाइन स्थलको व्यवस्थापनका लागि स्थानको खोजि, उद्वार कार्यका लागि एम्बुलेन्सको व्यवस्थापन जस्ता आबश्यक तयारी गरिसकिएको छ|

यस प्रदेशबाट हालसम्म चारवटा नमूना संकलन गरी परीक्षणका लागि पठाइएकोमा दुईवटा नमूना नेगेटिभ आएको र दुईवटाको नतिजा आउन बाँकी रहेको जानकारी गराउन चाहन्छौं।

खासगरी पछिल्ला दिनहरुमा यस रोगका सम्बन्धमा सामाजिक सञ्जालहरुमा विविध किसिमका भ्रमपूर्ण सूचना तथा जानकारीहरु प्रवाह भइरहेकोले आमसर्वसाधारणहरुमा भय तथा संशयको अवस्था सृजना भएको छ । तथापी प्रिन्ट, रेडियो, टिभी तथा अनलाइन सञ्चारमाध्यमहरुबाट जिम्मेबारी रुपमा भइरहेको सत्यतथ्य समाचार सम्प्रेषण प्रति हार्दिक आभार व्यक्त गर्दै अझ निरन्तर रचनात्मक सहकार्यकोअपेक्षा गर्दछौं । साथै यस विपद्को घडीमा सम्पूर्ण प्रदेशवासी आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु लगायत सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, सबै सरोकारवाला निकायहरुलाई एकताबद्ध भई उच्च मनोबलका साथ आ–आफ्नो क्षेत्रबाट सहयोगका लागि हार्दिक आग्रह गर्दछौं।

हालै सामाजिक संजाल र अन्य संचारका मध्यमका साथै सर्वसाधारण जनसमुदायमा पोखरामा भएको संक्रमण सम्बन्धि समाचार र घटना सम्बन्धमा गण्डकी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको ध्यानाकर्षण भएको छ।

पोखरामा निर्माणाधिन अन्तर्राष्ट्रिय क्षेत्रीय विनास्थलमा कार्यरत चिनिया कर्मचारी तथा कामदारहरु मध्ये केही चीनमा गएका र तिनीहरु नेपाल फर्किदा १४ दिन सम्म चीनमा नै क्वारेन्टाईनमा बसेका र कोरोना संक्रमण नभएको प्रमाणपत्र लिएर नेपाल फर्केका र नेपालमा आईसकेपछि पनि १० दिनसम्म क्वारेन्टाईनमा बसेर दैनिक तिन पटक ज्वरो भए/नभएको तापक्रम लिने गरेको र १० दिनसम्म संक्रमण लक्षणहरु नदेखिएमा मात्र काममा फर्कने भएकोले हाल त्यहाँ केही कर्मचारी र कामदारहरु अझै पनि क्वारेन्टाईनमा रहेको यथार्थ हो। चिनियाहरु बसेको स्थानमा निरन्तर रुपमा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय र प्रदेश जनस्वास्थ्य प्रयोगशालाका विज्ञहरु निरन्तर सम्पर्कमा भएको, उनीहरु उच्च सतर्कताका साथ वसेकोले यस सम्बन्धमा जनमानसमा भएको भ्रममा कुनै सत्यता नभएको कुरा सर्व साधरणको जानकारीको लागि अनुरोध छ।

**पुनष्च:** कुनै द्विविधा भए वा थप जानकारी चाहिएमा यस समितिका प्रवक्ता डा. विनोदविन्दु शर्मा (९८५६०३३९३३) लाई सम्पर्क राखी सत्य तथ्य सूचना सम्प्रेषणका लागि समेत हार्दिक अनुरोध गर्दछौं ।

धन्यबाद

..............................
डा. बिनोद बिन्दु शर्मा
निर्देशक

ईमेल : **hd.gandaki@gmail.com**